राष्ट्र निमार्णमा एउटै संकल्प विद्युत र सौर्य ऊर्जा पहिलो विकल्प

विद्युत ससार

राष्ट्रिय साप्ताहिक

Bidhut Sansar

National Weekly

विद्युत संसार अनलाईन

Scan Now

वर्ष ७ अंक १४ पूर्णाङ्क २९५ १५ असार २०७९, बुधबार www.bidhutsansar.com bidhutsansar@gmail.com WEDNESDAY, 29 JUN, 2022 पृष्ठ ८ मूल्य: रु.१५

राष्ट्रिय सभामा ऊर्जामन्त्री भुसालको उद्घोष

दुई वर्षमा पूर्ण विद्युतीकरण, विद्युतीय चुलो वितरण देखि बुढीगण्डकी निर्माण सम्म

भीमलाल श्रेष्ठ

काठमाडौं असार । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले आगामी दुई वर्षभित्र सबै नेपाली जनता समक्ष भरपर्दो र गुणस्तरीय विद्युत सेवा पुग्नेगरी नेपाल पूर्ण विद्युतीकरण हुने बताएकी छिन् ।

राष्ट्रियसभाको सोमबारको बैठकमा आगामी आवको विनियोजन विधेयकमाथि सांसदहरू ले उठाएका जिज्ञासाको जवाफमा ऊर्जामन्त्री भुसालले मधेश, बागमती, गण्डकी र लुम्बिनीमा आगामी आर्थिक वर्ष र प्रदेश १, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वितरण प्रणाली विस्तारका लागि बहुवर्षे ठेक्का सम्झौता सम्पन्न गरी आगामी दुईवर्षमा देश पूर्णरूपमा विद्युतीकरण गरिन लागेको उनले बताइन् ।

मन्त्री भुसालले स्वदेशमा उत्पादित विद्युत स्वदेशमा नै खपत हुन नसकेमा निर्यातको नीति लिएको र हाल पनि ३६४ मेगावट विद्युत भारतमा निर्यात भइरहेको बताउँदै आगामी आर्थिक वर्ष देखि हरेक वर्ष करिव सात सय देखि एक हजार मेगावाट विद्युत प्रणालीमा थपिने छ यसरी हेर्दा अबको दुई वर्षमा सुख्खायाममा समेत स्वदेशी उत्पादनले नै आन्तरिक माग धान्ने उनको भनाई थियो । औद्योगिक ग्राहकलाई भरपर्दो र गुणस्तरीय विद्युत आपुर्तिका लागि १३२/३२ के.भि. सबस्टेशन र प्रसारणलाइनका संरचना विस्तार र स्तरोन्नतिको कार्य अगाडि बढाएको उनको भनाई छ । प्रसारण लाइन निर्माणमा जग्गा प्राप्ति र जङ्गलका कारण विभिन्न स्थानमा समस्या आएको र यस्तो समस्या ऊर्जा मन्त्रालयको मात्र नभएर सबै मन्त्रालयको समस्या भएकाले सबै मन्त्रालयलाई आवश्यक नीति तथा कानुन निर्माणमा सहयोग गर्न मन्त्री भुसालले आग्रह समेत गरिन् ।

नेपालले हाल वर्षायाममा बढी भएको ३६४ मेगावाट सम्मको विद्युत भारतीय प्रतिस्पर्धी बजारमा इन्डियन इनर्जी एक्सचेञ्ज मार्फत दैनिक १० देखि १२ करोड नेपाली रूपैँयामा बिक्री गरिरहेको छ । गत सुख्खायाममा देशको आन्तरिक माग धान्न भारतबाट आयात भएको विद्युतको औषत मूल्य ९ रूपैया ७ पैसा प्रति युनिट रहेको थियो भने यो वर्षातमा अहिलेसम्मको निर्यातको औषत दर ११ रूपैँया ३८ पैसा प्रति युनिट रहेको छ । आगामी आर्थिक वर्ष वर्षायाममा बढी हुने करिब १५ देखि २० अर्ब नेपाली रूपैँया बराबरको विद्युत निर्यात गर्न सकिनेछ भने आगामी पाँच वर्षमा हरेक वर्ष करिब ७० अर्ब नेपाली रूपैँयाभन्दा बढीको विद्युत निर्यात गर्न सकिने सम्भावना छ, उनले भनिन् ।

बाँकी पृष्ठ ६ मा...



वर्ष ७ /अंक १४ / पूर्णाङ्क २९५ / बुधबार १५ असार २०७९

विद्युत संसार

सम्पादकीय

उत्साहित मतदाता

लोकतन्त्रको संस्थागत विकासका लागि स्थिर सरकार आवश्यक हुन्छ । २०७४ मा भएको आम निर्वाचन पश्चात् आम जनताको आशा थियो अबको पाँच वर्षका लागि स्थायी सरकार हुनेछ । तर देशको बाघडोर सम्हालेर बस्ने राजनैतिक दलहरूको खिचातानीले गर्दा पाँच वर्षका लागि जनताले चुनेर सत्तामा पुऱ्याएकाहरूकै कारण सत्ता ढल्न पुग्यो र प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस अहिले सत्ता सम्हालिरहेको छ ।

राजनीतिक अस्थिरता हुँदा देशको विकासको गति पनि अस्थिर हुनु स्वाभाविक हो । यो अस्थिरताका कारण गरिवी, अशिक्षा, लोकतान्त्रिक संस्कारको कमी जस्ता समस्या सिर्जना हुने त छँदैछ ।

यसरी राजनैतिक दलहरू नै आफु-आफु बीच खिचातानी भईरहँदा राजनैतिक दलहरूलाई निर्वाचन मार्फत जिताएर पठाएका आम मतदाताहरूको मनमा नैराश्यता छाएको छ । राजनैतिक दलहरू निर्वाचनको समयमा मात्र गाउँ-गाउँ जाने र आम जनताको दुख बुझ्न पुगेको जस्तो गर्न तर निर्वाचन पश्चात् वास्था नगर्ने प्रवृतिले आम मतदातामा निर्वाचन प्रतिको नैराश्यता पनि छाएको छ । उदाहारण स्वरूप निर्वाचनमा भोट हाल्न मतदाता परिचय पत्र बनाउनु पर्दछ । निर्वाचन घोषणा हुनभन्दा अघिल्लो दिनसम्म मतदाता नामावली संकलनको काम गरिन्छ तर जनताले आफ्नो सार्वभौम अधिकार मतदाता नामावली संकलन गर्नपनि ठूलो संर्घष गर्नुपर्दछ । हालै स्थानीय निर्वाचन सकिएको छ । यस निर्वाचन अघि मतदाता नामावली संकलनका क्रममा जनताले छ घण्टा सम्म लाईन बस्नुपर्ने बाध्यता थियो । देशमा पुनः संघ तर्फको निर्वाचनको पूर्वसंघारमा छ यसैले अघिल्लो साताबाट निर्वाचन आयोगले नामावली संकलनको कार्यक्रम अघि बढाएसँगै पुन जिल्ला प्रशासन र जिल्ला निर्वाचन कार्यालयमा लाइन देख्न सकिन्छ । यस्ता समस्या हटाउन लामो समय देखि कुरा उठ्दै आएपनि यसले सार्थकता पाउन सकेको थिएन तर आयोगले अब भने सर्वसाधारण स्वयम्ले आफ्नो मतदाता नामावली विवरण अनलाईनबाट गर्न सकिने बनाउँदै छ ।

मतदाताहरूले धेरै दुख र कष्ठगरी आफ्नो नामावली संकलन गर्नुपर्ने बाध्यतालाई चिर्न आयोगले जुन निर्णय गरेको छ यो सकारात्मक पक्ष हो ।

लोकतन्त्रको सुन्दर रूप भनेको निर्वाचन हो । यसलाई मूर्तरूप दिन सरकारले मतदाता नामावलीसँगै निर्वाचन प्रणाली नै सुधार्न पनि आवश्यक छ । देशको विकास गर्ने व्यक्ति जनताको सेवक भएर काम गर्ने किसिमको छान्नुपर्छ । त्यो व्यक्ति जनताले रोजेको र जनताको लागि काम गर्ने किसिमको हुनुपर्छ । त्यो व्यक्ति छान्ने मूख्य आधार भनेको निर्वाचन हो । त्यसैले पनि निर्वाचन प्रणालीलाई सरकारले सुधार्न जरूरी छ । त्यस्तै निर्वाचनको नाममा खबौं रकम खर्च गर्ने प्रवृतिको पनि अन्त्य हुनु निकै नै जरूरी छ ।

जनतालाई राहत दिन सरकारको योजना

रमन देवकोटा
धादिङ

देशमा मूल्यवृद्धि अत्याधिक बढिरहेको छ । विगतको तुलनामा कोरोना महामारी पश्चात् र रूस-युक्रेन बीचको युद्धका कारण मूल्यवुद्धिले सीमा नाघेको छ । यसको खास कारण भनेको अन्तर्राष्ट्रिय क्षेत्रमा नै पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएपछि इन्धनमा पूर्णरूपमा परनिर्भर हुने नेपाल जस्तो अन्य देशहरूलाई बढि प्रभावित पारेको छ । नेपालको सन्दर्भमा पनि पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएसँगै भान्सामा प्रयोग हुने तरकारी देखि यातायात भाडा समेतमा वृद्धि भइरहेको छ । नेपालको पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजार मूल्य इन्डियन आयल कर्पोरेसन (आईओसी) मा आधारित हुन्छ । अन्तर्राष्ट्रिय बजारमा मूल्यबढे सँगै नेपाल आयल निगमले पनि निरन्तर मूल्यवृद्धि गर्दै अघिल्लो हप्तासम्म मात्र पेट्रोलमा खुद्रा बिक्री मूल्यमा रू २१ ले वृद्धि गरी प्रतिलिटर रू १९९ सय रूपैयाँ तथा डिजेल र मट्टितेलमा खुद्रा बिक्री मूल्यमा रू २७ ले वृद्धि गरी प्रतिलिटर रू १९२ रूपैयाँ पुऱ्याएको थियो । जसकारण सरकार र आयल निगमले धेरै आलोचना समेत खेप्नु पऱ्यो । जनताले धान्नै नसक्ने गरी मूल्यवृद्धि सरकारले गराएको भन्दै विभिन्न राजनैतिक दलका भातृसंगठन देखि स्वतन्त्ररूपमा पनि विभिन्न ठाउँमा आन्दोलनका कार्यक्रमहरू सञ्चालन भएका थिए । आन्दोलन गरी सरकारको बढी विरोध भएपछि सरकारले बढाएको सो मुल्यवृद्धि आम जनतालाई नै राहत दिने उद्धेश्यले केही दिनमा नै घटाएको छ । सरकारले असार १२ गतेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर १९९ रूपैयाँबाट २० रूपैयाँ घटाई १७९ रूपैयाँ र डिजेलमा प्रतिलिटर १९२ रूपैयाँबाट २९ रूपैयाँ घटाई १६३ रूपैयाँ मूल्य कायम गरिएको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थमा मुल्यवृद्धि भईरहँदा पनि नेपालमा विभिन्न बहानामा लिदै आएका करले झनै मूल्य बढाएको हुँदा यस्ता कर हटाएर जनतालाई राहत दिनुपर्ने माग समय समयमा उठ्दै आएको थियो । तरपनि सरकारले यस विषयमा कुनै चासो देखाउने गरेको थिएन । अघिल्लो महिना मात्र पूर्वाधार कर मध्ये १० रूपैंया घटाएपनि निरन्तर मूल्यवृद्धि भई नै रहेको थियो । यो साता भने सरकारले केही उदारता देखाउँदै पेट्रोलियम पदार्थमा केही राहत दिने कोशिस गरेको छ । यो सकारात्मक पनि छ । विभिन्न बाहनामा कर लिने तर ति करबाट उठेका रकमको कुनै पनि क्षेत्रमा उपयोग नहुनुले पनि जनतामा निरासा छाएको छ । यो पटक भने सरकारले जनताको हितलाई सर्वोपरी ठानी मूल्य समायोजन गरेको छ । अब पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको समयमा वा बहानमा अन्य वस्तुहरूमा भएको मूल्यवृद्धि पनि घट्नु पर्दछ । सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएकाले अन्य वस्तु तथा सेवाको मूल्य पनि घटाउनुपर्ने उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले बताउँदै आएका छन् । उनले पेट्रोलियम पदार्थको मूल्य घटेसँगै अन्य वस्तु तथा सेवाको मूल्य घट्यो कि घटेन भनेर यकिन गर्न सरकारले बजार अनुगमन गर्ने बताएका छन् हो साच्चै पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुँदा बढेका सामग्रीको मूल्य पेट्रोलियम पदार्थमा मूल्य घट्दा अन्य वस्तुको मूल्य पनि घट्नु पर्दछ । पेट्रोलियम पदार्थको मूल्य घटेपछि अन्य वस्तु तथा सेवामा पनि मूल्य घट्नु आवश्यक रहेको विभिन्न आवाजहरू पनि उठ्न थालेका छन् । यसका लागि विषयगत मन्त्रालय र नियामक निकायहरु ले आ-आफ्नो क्षेत्रबाट तथा संयुक्त रूपमा सघन अनुगमन गर्ने व्यवस्था मिलाउन आवश्यक छ । सरकारी निकाय, स्थानीय प्रशासन, प्रदेश सरकार, स्थानीय तहका सरकारहरु, निजी क्षेत्र, नागरिक समाज र मिडियाले सक्रिय र सकारात्मक सहयोग गर्न आवश्यक छ ।

अघिल्लो महिना मात्र पूर्वाधार कर मध्ये १० रुपैंया घटाएपनि निरन्तर मूल्यवृद्धि भई नै रहेको थियो । यो साता भने सरकारले केही उदारता देखाउँदै पेट्रोलियम पदार्थमा केही राहत दिने कोशिस गरेको छ । यो सकारात्मक पनि छ ।

जहाँ तपाई त्यहाँ विद्युत संसार

तपाईको टोलछिमेकमा भएका विद्युत संबन्धी कार्यक्रम, विद्युतीय गतिविधि, भएका छन् भने हामीलाई निम्न ठेगानामा सम्पर्क गर्नुहोला । साथै यस साप्ताहिकलाई लेख रचना, साहित्यिक सिर्जना पनि पठाउन सक्नुहुने छ ।

उक्त लेख रचना विद्युत संसार साप्ताहिकका साथै अनलाइन माध्यम www.bidhutsansar.com मा प्रकाशित गर्ने छौ

विद्युत संसार हाम्रो ठेगाना

विद्युत संसार, अभि मिडिय प्रोडक्सन प्रा. लि.,बागदरवार,काठमाडौं
फोन. ०१-४२४४८१४, E-mail:bidhutsansar@gmail.com,

ललितपुरको चाकुपाट स्थित गुणस्तर अनुसन्धान तथा विकास केन्द्र अगाडि सोमबार विना सेफ्टी विद्युत प्रणालीको मर्मत गर्दै नेपाल विद्युत प्राधिकरणका एक कर्मचारी ।

तस्विर : विद्युत संसार साप्ताहिक

सर्वसाधारणलाई अप्पर हेवाखोलाको आईपिओ आउँदै

काठमाडौं असार । अप्पर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेडले सर्वसाधारणमा साधारण शेयर निष्काशन गर्ने भएको छ । कम्पनीले यही असार २४ गतेदेखि प्रतिकित्ता रू १०० अङ्कित रू १५ करोड मूल्य बराबरको १५ लाख कित्ता साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ) बिक्री खुला गर्न लागेको हो ।

कम्पनीले कूल निष्काशनको दुई प्रतिशतले हुने ३० हजार कित्ता कर्मचारीलाई र पाँच प्रतिशत अर्थात् ७५ हजार कित्ता सामूहिक लगानी कोषलाई छुट्याई बाँकी १३ लाख ९५ हजार कित्ता शेयर सर्वसाधारणका लागि निष्काशन गर्ने जनाएको छ ।

कम्पनीले सार्वजनिक गरेको आह्वान पत्रानुसार सर्वसाधारणले यही असार २८ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक लाख कित्ता शेयर खरिदका लागि आवेदन दिन पाउने छन् । जसमा मागबमोजिम आवेदन नपरे आगामी साउन ६ गतेसम्म बिक्री खुला हुने पत्रमा उल्लेख छ ।

कम्पनीले सत्त्वासभा जिल्लामा ८.५ मेगावाट क्षमताको आयोजना निर्माण गरिरहेको छ । लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट अनुमतिप्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट आस्वा प्रणालीमार्फत तथा 'मेरो शेयर' को मोबाइल एप तथा वेबसाइटमार्फत शेयर खरिदका लागि आवेदन दिन सक्नेछन । कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबी क्यापिटल लिमिटेड रहेको छ । कम्पनीलाई केयर रेटिङ्स नेपालले 'केयरएनपी-बिबी आइएस' ग्रेडिङ प्रदान गरेको छ ।

विद्युत् चुहावट नियन्त्रणमा प्राधिकरणको उल्लेख्य सफलता मधेशमा अझै ध्यान दिनुपर्ने आवश्यकता

काठमाडौं, असार । इमान्दार प्रयत्न तथा योजनाबद्ध प्रयासका कारण नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको १० महिनामा वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा उल्लेख्य सफलता हासिल गरेको छ ।

प्राधिकरणका अनुसार सो अवधिमा वितरणतर्फको विद्युत् चुहावट १०.४१ प्रतिशतमा सीमित राख्न सफल भएको छ । सामान्य हिसाबमा एक प्रतिशत बराबरको चुहावट नियन्त्रण गर्दा झण्डै रू एक अर्ब बराबरको आर्थिक लाभ हुन जाने प्राधिकरणको बुझाइ छ ।

नियमितरूपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएको योजनाबद्ध अभियानबाट प्राधिकरणले गत वर्षको वैशाखसम्मको वितरणतर्फको सञ्चित चुहावटको तुलनामा यस वर्ष १.० ९ प्रतिशत विन्दुले घटाएको छ । गत वर्ष वैशाखसम्मको वितरणतर्फको विद्युत् चुहावट ११.५० प्रतिशत थियो ।

प्रणालीमा रहेको विद्युत् चुहावटमध्ये सबैभन्दा ठूलो हिस्सा वितरणतर्फको हुन्छ । प्राधिकरणले चालु आवमा समग्र प्रणालीको विद्युत् चुहावट १५.५ प्रतिशतमा र वितरणतर्फको चुहावटलाई ९.५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । प्राविधिक र गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई अझै सशक्त र प्रभावकारी बनाएर चुहावटलाई लक्ष्यभन्दा अझै कम बनाउने गरी सम्पूर्ण टिम परिचालन गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

यस अवधिमा नयाँ सवस्टेशन निर्माण सम्पन्न भएको, सञ्चालमा रहेका सवस्टेशनको स्तरोन्नति गरिएको, औद्योगिक क्षेत्रमा विद्युत् खपत बढेको,

मिटर रिडिङलाई प्रभावकारी बनाउँदा ग्राहककोमा सञ्चित रहेको युनिट विलिङ भएको लगायतका कारणबाट चुहावट घटेको हो । प्राधिकरणले हुकिङलगायतबाट हुने विद्युत् चोरी नियन्त्रणका लागि नियमित अनुगमन तथा कारबाही गरिरहेको छ । ओभरलोड भएका सवस्टेशनको सुदृढीकरण तथा नयाँ सवस्टेशनको निर्माण, कन्डक्टर, ट्रान्सफर्मर फेर्नेलगायतका काम गरिरहेको छ । गर्मीमा तराई/मधेशमा चुहावट केही बढ्छ तर प्राधिकरणले यसलाई नियन्त्रण गरी चुहावटलाई वाञ्छित सीमाभन्दा तल झार्ने गरी काम भइरहेको जनाएको छ । सवस्टेशनको क्षमता वृद्धि गर्ने, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्रि फेज मिटरको प्रयोगलाई प्रोत्साहनलगायत कदमको परिणाम चुहावट नियन्त्रणमा देखिएको हो । प्राधिकरणले गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महशुल बक्यौता असुलीमा कडाइ, मिटर वाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारवाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकैरूपमा चलाइएको छ ।

सबैभन्दा बढी विद्युत् चुहावट मधेश प्रदेशमा

प्राधिकरणका सातवटा प्रादेशिक कार्यालय र दुईवटा प्रदेश डिभिजन कार्यालय मातहतका वितरण केन्द्रमध्ये सबैभन्दा बढी विद्युत् चुहावट मधेश प्रदेश प्रादेशिक कार्यालय, जनकपुरको रहेको पाइएको छ । प्रादेशिक कार्यालय जनकपुर मातहतका २३ वटा वितरण केन्द्रको समग्र विद्युत् चुहावट १३.६७ प्रतिशत छ । अघिल्लो वर्ष सो प्रदेशको समग्र चुहावट १६.३१ प्रतिशत थियो । सर्लाहीको मलङ्वा वितरण केन्द्रको सबैभन्दा बढी ४५.०९ प्रतिशत विद्युत् चुहावट रहेको छ । गत वर्ष यस अवधिमा मलङ्वा वितरण केन्द्रको विद्युत् चुहावट २७.३७ प्रतिशत रहेकोमा यस वर्ष बढेर ४५.०९ प्रतिशत पुगेको हो । बाराको सिम्रौनगढ वितरण केन्द्रको विद्युत् चुहावट गत वर्ष ५१.०४ प्रतिशत रहेकोमा यस वर्ष ४०.६८ प्रतिशतमा झरेको छ । महोत्तरीको जलेश्वर वितरण केन्द्रको चुहावट गत वर्ष ४२.९१ प्रतिशत रहेकोमा यस वर्ष ३६.२८ प्रतिशत रहेको छ । रौतहटको गौर वितरण केन्द्रको गता वर्ष ३०.१२ प्रतिशत रहेको चुहावट यस वर्ष बणेश्वर ३३.६३ प्रतिशत पुगेको छ । औद्योगिक ग्राहक धेरै रहेकोले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट ०.६१ प्रतिशत रहेको छ । अघिल्लो वर्ष केन्द्रको चुहावट ०.६४ प्रतिशत थियो ।

प्रदेश नं १ प्रादेशिक कार्यालय विराटनगर मातहतका २४ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी विद्युत् चुहावट सुनसरीको इनरूवा वितरण केन्द्रको छ । यस केन्द्रको विद्युत् चुहावट गत वर्ष २५.३६ प्रतिशत रहेकोमा यस वर्ष बढेर २५.६५ प्रतिशत थियो ।

बागमती प्रदेशअन्तर्गत प्रदेश डिभिजन कार्यालय हेटौंडा मातहतका छ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी मकवानपुरको पालुङ वितरण केन्द्रको २७।२९ प्रतिशत विद्युत् चुहावट रहेको छ । गत त्यस केन्द्रको २८.३१ प्रतिशत चुहावट थियो ।

बागमती प्रदेश प्रादेशिक कार्यालय काठमाडौं मातहतका २० वटा वितरण केन्द्रमध्ये सिन्धुपाल्चोक वितरण केन्द्रको सबैभन्दा बढी २५.५६ प्रतिशत चुहावट रहेको छ । अघिल्लो वर्ष त्यस केन्द्रको २६.२७ प्रतिशत

बाँकी पृष्ठ ७ मा...

सिजिका गुणस्तरीय केन्ट आर.ओ. वाटर प्युरिफायर जसले पानीजन्य रोगहरू नियन्त्रण मद्दत गर्दछ

विद्युत संसार

काठमाडौं असार ।

वातावरणको ह्रास र औद्योगिक विकास दिनानुदिन बढ्दै गएको छ । काठमाडौं लगायत विभिन्न ठाउँमा वर्षायाममा शुद्ध पिउने पानी सहज रूपमा उपलब्ध नहुँदा झाडापखाला, डेसेन्टरी र हैजाजस्ता घातक पानीजन्य रोगहरु लाग्ने गरेको छ । दूषित पानी पिउनाले मनसुनको मौसममा झाडापखाला, डेसेन्टरी र हैजाजस्ता घातक पानीजन्य रोगहरु लाग्न सक्छ जसको न्यूनिकरणको लागि सिजी केन्ट आर.ओ वाटर प्युरिफायरहरुको ठूलो भुमिका रहने कम्पनीले जनाएको छ ।

आर.ओ. + यु.भी.+ यु.एफ.+ टि.डि.एस. कन्ट्रोल सहितको बहु शुद्धीकरण प्रक्रिया भएको आर.ओ. वाटर प्युरिफायर तपाईको पिउने पानी सुरक्षित र शुद्ध छ भनी सुनिश्चित गर्नको लागि उपयुक्त हुन्छ । बजारमा सबैभन्दा राम्रो वाटर प्युरिफायर हो भनी प्रमाणित





गर्नको लागि वाटर प्युरिफायरको गुणस्तर प्रमाणपत्र र पुरस्कारहरु हुनुपर्छ र त्यो केन्ट आर.ओ. वाटर प्युरिफायरहरूमा रहेकोले विश्वसनीयता, सुरक्षा र गुणस्तरका साथ-साथै अत्याधिक भरपर्दो रहेको कम्पनीको भनाई छ । पानी सफा र शुद्ध राख्न भण्डारण ट्याङ्कीमा यु.भी. एल.ई.डी. र उत्कृष्ट गुणस्तरता र गुणहरूले गर्दा केन्ट आर.ओ. वाटर प्युरिफायर शुद्ध पिउने पानी र हैजा जस्ता पानीजन्य रोगहरूबाट बचाउनको लागि उपयुक्त हुने कम्पनीले जनाएको छ ।

पिउने पानी सफा, शुद्ध, सुरक्षित साथै कुनै पनि रोग पैदा गर्ने रोगजन्य किटाणुहरूबाट पनि मुक्त हुन बलियो, गुणस्तरीय, भरपर्दो, र सुरक्षित वाटर प्युरिफायर छनोट गर्ने केन्ट आर.ओ. वाटर प्युरिफायर रोज्न कम्पनीले आग्रह गरेको छ । हैजा एक महामारी हो त्यसैले यसबाट विशेषत काठमाडौ उपत्यकाका १३ लाख मानिस बढी जोखिममा रहेका छन् । यो रोग काठमाडौं उपत्यका सहित नेपालका विभिन्न भागहरूमा देखा परिसकेकोले यसको रोकथामका लागि सिजीले पानी शुद्धता गरी पिउने सिजी केन्ट आर.ओ वाटर प्युरिफायर बजारमा ल्याइएको र उपभोक्तहरूले ढुक्क साथ प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ ।

सामान्य ज्ञान

आइसोलेटरको प्रयोग लाइन काट्ने वा लगाउने कुन अवस्थामा गरिन्छ ?

करेन्ट नभएको बेला वा अफ लाइनमा

फ्युज भनेको के हो ?

करेन्ट रोक्ने सामान

फ्युज जडान कसरी गरिन्छ ?

सधै लाइनको सिरिजमा

फ्युज के मा जोडिन्छ ?

फेजको तारमा

फ्युजले कसरी काम गर्दछ ?

तापको असरले

फ्युजको मूख्य काम के हो ?

सर्किटमा करेन्ट बढि बहन बचाउने

फल्ट भएमा सर्किट ब्रेकर कसरी संचालन हुन्छ ?

स्वचालित

सर्किट ब्रेकर साधरणतय कति बेला संचालन हुन्छ ?

जहिले लाइनमा फल्ट आउछ

करेन्ट रेटिङ के मा आवश्यक हुदैन ?

आइसोलेटर मा

सिरिज रियाक्टरको प्रयोग किन गरिन्छ ?

फल्ट करेन्टलाई ब्रेकरको क्षमता अनुसार घटाउन

सुरक्षाको काममा रिले कस्तो उपकरण हो ?

सेन्सीङग उपकरण

लाइटनिङ्ग एरेष्टर कस्को नजिक प्रयोग गरिन्छ ?

ट्रान्सफर्मर, ओभरहेड लाइन र सब स्टेशन

विद्युतीय उपकरणमा अर्थिङ किन आवश्यक हुन्छ ?

इलेक्ट्रिकल सक खतराको कारणले

अर्थ वायर के ले बनेको हुन्छ ?

तामाको मिश्रित धातुले

नेपालको तेस्रो जलविद्युत आयोजना कुन हो ?

पनौती जलविद्युत आयोजना *(240KW)*

एउटा जिरो वाट बत्तीले कति पावर खपत गर्छ ?

करिब ५ देखि ७ वाट

सोलार पावर केन्द्र नेपालको कुन जिल्लामा पर्दछ ?

हुम्ला

सबस्टेशनमा प्रयोग गरिने अर्थिङ्गलाई के भनिन्छ ?

लोप अर्थिङ्ग *Loop Earthing)*

नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रको लगानीमा बनेको पहिलो जलविद्युत केन्द्र कुन हो ?

चिलिमे

नेपाल विद्युत प्राधिकरण कस्तो प्रकारको संस्था हो ?

व्यापारिक र सेवामुलक

नेपालको भार प्रेषण केन्द्र कुन ठाँउमा रहेको छ ?

काठमाडौको स्युचाटार

कति के.भी.ए सम्मको वितरण ट्रान्सफर्मर पोलमा जडान गर्न सकिन्छ ?

३०० के..भी.ए

विद्युत संसार

प्रहरी	फोन नं.
प्रहरी प्रधान कार्यालय ४४११५४९	
आकस्मिक प्रहरी सेवा	४२२६९९८, ४२२६९९९
प्रहरी कन्ट्रोल	११०, १२०, १३०, १००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५, ४२६१८४३
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१०२८४
पर्यटक प्रहरी	४२४७०४१
प्रमुख जिल्ला अधिकारी	**फोन नं.**
काठमाडौं	४२६२४७८,४२६२८२८
ललितपुर	५५२११६५, ५५२३०५१
भक्तपुर	६६१०२०१, ६६१०१०६
वारुण यन्त्र	**फोन नं.**
काठमाडौं	४२२३८९७, ४२२११७७, १०१
ललितपुर	५५२११११, १०१
भक्तपुर	६६१००४९, १०१
सुरक्षा र एम्बुलेन्स	
दमकल	१०१
प्रहरी कन्ट्रोल	१००
ट्राफिक प्रहरी	१०३
जिल्ला प्रहरी कार्यालय काठमाडौं	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी कार्यालय भक्तपुर	५५२१२०७
जिल्ला प्रहरी कार्यालय ललितपुर	६६१४८२१
शववाहन र ट्याक्सी	
नेपाल चेम्बर अफ कर्मस	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९९२९९९
देव कर्नर नि:शुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

काठमाडौ उपत्यकाको नोलाईटका फोन नम्बरहरू

क्र.सं.	नाम	टेलिफोन नं.
१.	रत्नपार्क नोलाईट	४१५३१६२/३/४
२.	नक्साल नोलाईट	४४२११३१
३.	खुँसीबु नोलाईट	४२६८३२७
४.	बानेश्वर नोलाईट	४४७४१६१
५.	चाबहिल नोलाईट	४४७४१६४/४४९०८३०
६.	गोकर्ण नोलाईट	४८००१६४
७.	जोरपाटी नोलाईट	५१३४०५५
८.	मुलपानी नोलाईट	४१५३७०७
९.	डाँछी नोलाईट	४४५११४०
१०.	जरसिँङ पौवा नोलाईट	४२५६४९६
११.	साँखु नोलाईट	४४५०७७०
१२.	महाराजगंज नोलाईट	४३५७२१९/२६५
१३.	टोखा नोलाईट	५११००८०
१४.	बुढानिलकन्ठ नोलाईट	४३७१७४९
१५.	कुलेश्वर नोलाईट	४२७२४०२/४
१६.	बालाजु नोलाईट	४३५०८९६
१७.	बलम्बु नोलाईट	४३१०५१८।४३१६५१३
१८.	रामकोट नोलाईट	४०३७५६६
१९.	किर्तिपुर नोलाईट	४३२०४२८
२०.	फर्पिङ नोलाईट	४७१००१७
२१.	पुल्चोक नोलाईट	५५२२०४३
२२.	स्वयम्भु नोलाईट	५५९०९६१
२३.	लोकन्थली नोलाईट	५००४२१८।५५२१३६५
२४.	चापगाउँ नोलाईट	५५७०५२६
२५.	लुभु नोलाईट	५५८०११२
२६.	बाडे गाउँ	५५६०५९५
२७.	भक्तपुर नोलाईट	६६१००६५
२८.	खरीपाटी नोलाईट	६६१४८६३
२९.	थिमी नोलाईट	६६३०३१७
३०.	दधिकोट नोलाईट	६६३०९१७
३१.	पुरानो थिमी	६६३७४८६

भरतपुर-बर्दघाट प्रसारण लाइनको केही खण्ड सञ्चालनमा

पश्चिम क्षेत्रको बिजुली आपूर्तिमा सुधार हुने

काठमाण्डौ असार । चितवनको भरतपुरबाट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को बर्दघाटसम्मको भरतपुर-बर्दघाट २२० किलोभोल्ट (केभी) प्रसारण लाइनको केही खण्ड सञ्चालनमा आएको छ । आयोजनामा नवलपरासीको दुम्कीबासमा

भइरहेको अवरोधका कारण प्रसारण लाइन निर्माण गर्न नसक्दा भरतपुरबाट बर्दघाटतर्फ थप विद्युत् पठाउन नसक्ने अवस्था आएपछि प्राधिकरणले वैकल्पिक व्यवस्थामार्फत निर्माण सम्पन्न भएको खण्डलाई चार्ज गरि संचालनमा ल्याएको हो । चितवनको भरतपुर महानगरपालिका ११ आँपटारी सबस्टेशनबाट नवलपरासीको अरूण खोलासम्मको झन्डै ५६ किलोमिटर प्रसारण लाइनमा सोमवार विद्युत् प्रवाह (चार्ज) गरी सञ्चालनमा ल्याइएको छ । ७४ किलोमिटर प्रसारण लाइनमा पर्ने दुई सय ४६ वटा टावरमध्ये दुई सय ४४ वटाको निर्माण गरी तार टाँगिएको छ । भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको लाइनलाई अरूण खोलामा ट्यापिङ गरी अहिले सञ्चालनमा रहेको १३२ केभी प्रसारण लाइनमा जोडिएको छ । भरतपुर-बर्दघाट १३२ केभी प्रसारण लाइनलाई अरूण खोलामा छुट्याएर भरतपुर-बर्दघाट २२० केभीको लाइनसँग जोडिएको हो । भरतपुर सबस्टेशनबाट अरूण खोलासम्म २२० केभीको नयाँ लाइनबाट र त्यसपछि १३२ केभीको पुरानो लाइनबाट बर्दघाट सबस्टेशनसम्म विद्युत् प्रवाह हुने छ ।

अब अरूण खोला पूर्वतर्फका कावासोतीलगायतका क्षेत्रमा पुरानो १३२ केभी प्रसारण लाइनबाट प्रगतिनगर सबस्टेशनमार्फत विद्युत् आपूर्ति हुने छ । ती क्षेत्रमा झन्डै २५ मेगावाट विद्युत् खपत हुने गरेको छ ।

पुरानो १३२ केभी लाइनबाट कावासोतीलगायतका क्षेत्रमा विद्युत् आपूर्ति भएपछि सोमवारदेखि सञ्चालनमा आएको लाइनमार्फत भरतपुरबाट बर्दघाटतर्फ झन्डै एक सय मेगावाट विद्युत् सिधै पठाउन सकिने छ । पहिले भरतपुर-बर्दघाट १३२ केभी लाइनबाट कावासोती क्षेत्रमा विद्युत् आपूर्ति गरी बाँकी विद्युत् बर्दघाटतर्फ प्रवाह हुन्थ्यो । अहिले चालु रहेको भरतपुर-बर्दघाट १३२ केभी प्रसारण लाइन सिङ्गल सर्किट मात्रै छ । जसले गर्दा भरतपुरबाट बर्दघाटतर्फ झन्डै ८० मेगावाटभन्दा बढी विद्युत् पठाउन नसकिने बाध्यात्मक अवस्था थियो । भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको आंशिक खण्ड चार्ज गरी कावासोती लगायतका क्षेत्रको झन्डै २५ मेगावाट लोड शिफ्ट भएकोले भरतपुरबाट पश्चिमतर्फ थप विद्युत् आपूर्ति गर्न सकिने भएको छ । नवलपरासी विनयी त्रिवेणी गाउँपालिका २ दुम्कीबासमा स्थानीयवासीको अवरोध र सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण दुई वटा टावर बनाउन नसक्दा भरतपुर-बर्दघाट प्रसारण लाइन निर्माणको काम पूरा हुन सकेको छैन । सर्वोच्च अदालतले आइतवार रिट खारेज गरिदिएकोले अब दुई वटा टावर निर्माणको बाटो खुलेको छ ।

CHINT | Next series
CHINT ELECTRIC
The Next Reliable Choice
Marketed in Nepal by:
Him Electronics Pvt. Ltd.

रसुवागढी हाइड्रोपावरको आइपिओ स्थानीयलाई खुला

काठमाडौं, असार । रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडले आयोजनाबाट असर पर्नसक्ने स्थानीय बासिन्दाका लागि साधारण शेयरको निष्कासन तथा बिक्री खुला गरेको छ ।

कम्पनीले १३ गते सोमबार देखि प्रतिकित्ता रू १०० अङ्कित दरमा रू ६८ करोड ४२ लाख १० हजार मूल्य बराबरको ६८ लाख ४२ हजार १०० कित्ता प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) को बिक्री खुला गरेको हो । आयोजनाले प्रभावित रसुवा जिल्लावासीका लागि छुट्याइएको १० प्रतिशतले हुन आउने ६८ लाख ४२ हजार १०० कित्ता शेयर आयोजनाबाट अतिप्रभावित गोसाइकुण्ड गाउँपालिका-१ र २, प्रभावित आमाछोदिङ्मो गाउँपालिका-४ र ५ तथा गोसाइँकुण्ड गाउँपालिकाका ३, ४, ५ र ६ का साथै सामान्य प्रभावित उल्लेखित क्षेत्रभन्दा बाहिर बसोबास गर्ने जिल्लावासीमा ४.५: १.५: १ का दरले शेयर बाँडफाँड गरिने आह्वानपत्रमा उल्लेख छ ।

जिल्लाका स्थानीय बासिन्दाले १३ गते सोमबार देखि असार २७ गतेसम्म र सो अवधिमा मागबमोजिम आवेदन नपरे आगामी साउन १० गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम ७०० कित्ता शेयर खरिदका लागि आवेदन दिन पाउने कम्पनीले जनाएको छ । कम्पनीले रसुवा जिल्लाको गोसाइँकुण्ड



गाउँपालिका हुँदै बहने भोटेकोसी नदीमा १११ मेगावाट क्षमताको आयोजना निर्माण गरिरहेको छ । लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट आस्वा प्रणालीमार्फत शेयर खरिदका लागि आवेदन दिन सक्नेछन् । कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड रहेको छ ।

सर्वसाधारणलाई अप्पर सोलुको आइपिओ आउँदै

काठमाडौं, असार । अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेडले सर्वसाधारणमा साधारण शेयर निष्काशन गर्ने भएको छ ।

कम्पनीले यही असार २० गतेदेखि प्रतिकित्ता रू १०० अङ्कित रू १९ करोड ५७ लाख ५० हजार मूल्य बराबरको १९ लाख ५७ हजार ५०० कित्ता साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ) बिक्री खुला गर्न लागेको हो । कम्पनीले कूल निष्काशनको दुई प्रतिशतले हुने ३९ हजार १५० कित्ता कर्मचारीहरूलाई र पाँच प्रतिशत अर्थात् ९७ हजार ८७५ कित्ता सामूहिक लगानी कोषलाई छुट्याई बाँकी १८ लाख २० हजार ४७५ कित्ता शेयर सर्वसाधारणका लागि निष्काशन गर्ने जनाएको छ ।

कम्पनीले सार्वजनिक गरेको आह्वान पत्रानुसार सर्वसाधारणले यही असार २३ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक लाख कित्ता शेयर खरिदका लागि आवेदन दिन पाउने छन् । जसमा मागबमोजिम आवेदन नपरे आगामी साउन २ गतेसम्म बिक्री खुला हुने पत्रमा उल्लेख छ । हाल आइपिओमा आवेदन दिनेको सत्त्यामा उल्लेख्य वृद्धि भएकाले निष्काशन बन्द छिटो नै हुने देखिन्छ ।

कम्पनीले सोलुखुम्बु जिल्लाको सोलु दूधकुण्ड नगरपालिका हुँदै बहने सोलुखोलामा २३।५ मेगावाट क्षमताको आयोजना निर्माण गरिरहेको छ । लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट अनुमतिप्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट आस्वा प्रणालीमार्फत तथा मेरो शेयरको मोबाइल एप तथा वेबसाइटमार्फत शेयर खरिदका लागि आवेदन दिन सक्नेछन । कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेड रहेको छ । कम्पनीलाई इक्रा नेपालले 'इक्रनपी-आइआर बिबी प्लस' ग्रेडिङ प्रदान गरेको छ ।

जनताको पक्षमा बजेट आएको अर्थमन्त्री शर्माको दावी

काठमाण्डौ असार । अर्थमन्त्री जनार्दन शर्माले देश र जनताको पक्षमा आउँदो आर्थिक वर्ष २०७९/०८० को बजेट ल्याएको दावी गरेका छन् । मन्त्री शर्माले आउँदो बजेट अर्थ मन्त्रीको व्यक्तिगत नभएर प्रतिष्ठित व्यवसायी, अर्थविद्, नागरिक र सबै सांसदको सुझावको आधारमा ल्याएको बताएका हुन ।

सोमबार राष्ट्रिय सभामा विनियोजित बजेटका विकासमा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै मन्त्री शर्माले आउँदो बजेट देश र जनताको पक्षमा ल्याएपनि विपक्ष दलहरू ले राजीनामा मागेका तर कसैलाई अनैतिक लाग्दैमा आफूले राजीनामा नदिने स्पष्ट पारेका छन् ।

उहाँले बजेट कार्यान्वयन गर्दा आयात प्रतिस्थापन, गरिबी हटाउने र मानव

विकास सूचकाङ्क वृद्धि गर्ने अङ्क नै बजेटमा समावेश गरिएको बताए ।

'तोकिएका आँकडामा बजेट कार्यान्वयन हुनेबाट भोलि देशको औद्योगिकरणमा आउने परिवर्तन, उत्पादन र प्रतिस्थापनमा आउने परिवर्तनले सबै कुरालाई पुष्टि गर्नेछ । यो बजेट देश र जनताको पक्षमा ल्याएको कारणले कसैलाई अनैतिक लागेर राजीनामा दिनुपर्ने माग उठ्दैमा त्यही गर्नुपर्छ भन्ने होइन । यो इतिहासले पुष्टि गर्ने छ ।' उनले भने ।

अर्थ मन्त्री शर्माले करका दर घटाउने र बढाउने विषय अर्थ मन्त्रीको क्षेत्र अधिकारको भएको समेत बताए ।

मन्त्री शर्माले आउँदो आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटमा आर्थिक समृद्धि, आत्मनिर्भता, गरिबी कम गर्ने र व्यावसायिक क्षेत्रलाई प्रोत्साहन गर्ने गरी ल्याउने अर्थमन्त्री अनैतिक नहुने बताए ।

राष्ट्रिय सभामा...

क्रमश पृष्ठ १ बाट....

विद्युत उत्पादनको क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएको निजी क्षेत्रलाई नेपालमा खपत भएर बढी हुने विद्युत निर्यातका लागि अन्तरदेशीय विद्युत व्यापारको अनुमति दिने प्रक्रिया अगाडि बढाइएको बताउँदै सरकारले विद्युत खपत कार्ययोजना बनाई कार्यान्वयन गरेकै कारण यस वर्ष आन्तरिक विद्युतको खपत करिब २० प्रतिशतले बढेको जानकारी दिइन् । मन्त्री भुसालले भनिन्, 'हाल प्रतिव्यक्ति वार्षिक विद्युत् खपत ३ सय ३० युनिट रहेकोमा आगामी वर्ष उल्लेख्य मात्रामा वृद्धि गरिनेछ ।

मन्त्री भुसालले जनतालाई भरपर्दो तथा गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउन हालको प्रशारण तथा वितरण संरचनामा उल्लेखनीय सुधार र थप प्रशारण संरचनाहरु निर्माण गर्नुपर्ने बताइन् । प्रशारण लाइन निर्माणका क्रममा जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोग मुख्य चुनौतीको रूपमा रहेको छ । यो समस्या मन्त्रालयको मात्र नभइ राष्ट्रकै समस्या भएको भन्दै उनले भनिन् 'यसको स्थायी समाधानका निम्ति आवश्यक नीति तथा कानुन निर्माणमा माननीयहरूबाट रचनात्मक सल्लाह, सुझाव एवं सहयोगको अपेक्षा गरेको छु ।'

आफूले मन्त्रालय सम्हालेपछि मासिक २० युनिटसम्म विद्युत खपत गर्ने विपन्न नागरिकलाई निःशुल्क विद्युत् सेवा दिने र मिटर जडान गर्ने व्यवस्था मिलाएका छौं,

'देशभरका झन्डै ५२ लाख ग्राहकमध्ये करिब २६ लाख ग्राहकले यो सुविधा पाएका छन् ।' अधिकांश वस्तु तथा सेवाको मूल्य वृद्धि भई रहेको अवस्थामा विद्युत क्षेत्रमा विगत २ वर्षमा २ पटक गरी २० प्रतिशतले विद्युत महशुल घटाइएको उनले भनिन् ।

आगामी आर्थिक वर्षमा वैकल्पिक ऊर्जा प्रर्वद्धन मार्फत २५ हजार घरधुरीमा विद्युत वितरण गर्नुका साथै १ लाख विद्युतीय चुलो लगायत स्वच्छ खाना पकाउने प्रविधि विस्तार गर्ने लक्ष्य लिएको छ ।

सिँचाइमा प्रयोग हुने विद्युतमा ७५ प्रतिशतसम्म सहुलियत दिने गरी प्रतियुनिट २ रूपैयाँसम्म महसुल कायम गरिएको र विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन गर्न 'विदेशी ग्यास छोडौं, स्वदेशी विद्युत जोडौं' भन्ने नाराका साथ ग्राईस्थ वर्गको विद्युत महशुल कम गरिएको उनको भनाई छ । उनले खानेपानी र सिँचाइमा डिमाण्ड शुल्क हटाइएको बताइन् । ऊर्जा सुरक्षाको दृष्टिकोणले जलाशययुक्त आयोजनाको निर्माण गर्न आवश्यक रहेको बताउँदै सोको लागि लोडसेन्टरबाट नजिक रहेको १२ सय मेगावाट क्षमताको जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको लागि जग्गाको मुआब्जा वितरण कार्य करिब सम्पन्न भईसकेको र घर-गोठको मुआब्जा वितरण कार्य भइरहेको छ । राष्ट्रिय गौरवको यो आयोजना नेपाल आफैंले विकास गर्न कम्पनी खडा गरी आगामी आवमा निर्माण प्रक्रिया शुरू गरिने बताइन् । उनले यो वर्ष प्राधिकरणले ५० वटा चार्जिङ्ग स्टेशन निर्माण गर्ने र नीजि क्षेत्रबाट निर्माण भएका चार्जिङ्ग स्टेशनलाई आवश्यक विद्युतीय पूर्वाधार सहयोग गरिनेछ ।

आगामी आर्थिक वर्षमा वैकल्पिक ऊर्जा प्रर्वद्धन मार्फत २५ हजार घरधुरीमा विद्युत वितरण गर्नुका साथै १ लाख विद्युतीय चुलो लगायत स्वच्छ खाना पकाउने प्रविधि विस्तार गर्ने लक्ष्य लिएको छ । दुर्गम क्षेत्रबाट काठमाडौंमा पढ्ने विपन्न परिवारका विद्यार्थीलाई विद्युतीय चुलो वितरण गर्ने योजना रहेको भन्दै आगामी आर्थिक वर्षमा ग्रामिण विद्युतीकरण तथा नवीकरणीय ऊर्जालाई समेत प्राथमिकता दिई बजेट विनियोजन गरिएको उनले बताइन् ।

ट्विट बहस

विशाल
@bishalraz108
निर्यात गर्ने भन्नु वाहियात सोच हो। यहाँ उद्योगधन्दा विजुलीले चलाएर उत्पादन बढी गरेर आयात प्रतिस्थापन गर्नेतर्फ लाग्नुपर्ने हो। कुनचाँहिले बिजुली बेचेर धनी हुने सपना बेच्यो नेपालीलाई सधै गरिब राखीराख्न कुन्नी, सधैभरी त्यसकै पछि लागेका छन्। भात खाएर काम गरौं, भातले आफै काम गर्दैन ।

Panta Nava Raj
@nepalherald
घटाउनै पर्नेः कुशासन, उच्चमुल्यवृद्धि, भ्रष्टाचार, गैरजिम्मेवारी, सबै क्षेत्रका राजनैतिक कार्टेलिङ,असम्बेदनशिलता आदि !
वृद्धि गर्नै पर्ने/बढाउनै पर्ने : कृषी उत्पादकत्व, निरीक्षण, बिध्युत उपभोग, बिजुली सवारी साधन,निर्माण क्षेत्र, रोजगार, सस्तो ब्याजदरको ऋण ,*FDI*,सम्बेदनशिलता आदि !

Bidur Timalsina(बिदुर तिमल्सिना)
@timalsina_bidur
काठमाण्डौं टेकुस्थित युरोपियन युनियनले बनाईदिएको फोहरलाई उर्जामा परिणत गर्ने प्लान्ट जो बनेर हस्तान्तरण गरेपछि काममा ल्याउन नचाहदा आजसम्म बन्द छ।
यो प्लान्ट ३ टन दैनिक फोहर उपयोग गरेर ४० किलोवाट बिजुली उत्पादन गर्ने क्षमताको छ। यसलाई तत्काले सुचारु गरियोस्।

Gorkhali222 Dr.
@gorkhali222
हटौडाको फोहरबाट बिजुलि निकाल्ने खतिवडा जिको जस्ता प्लाट हरु देशले निर्यात गर्न नपाउने कानुर सरकारले आजै परिवर्तन गरोस ।चाईनाले विदेशि कम्पनि वोलाएर उसको देशमा बनायर कर लियर जनता रोजगार बनायर विदेश निर्यात गर्छ र पो विश्व हाकेको छ । हामी नेपालिको मोटो बुद्दि ।

राम बि. एम.
@meRamBM
नेपाल र भारतबीच महाकाली सन्धि राष्ट्रहीत विपरित छ भनिन्छ तर त्यो सन्धि अनुसार पानी र बिजुली आधा आधा पाउने भने पनि त्यो परियोजना सम्पन्न गर्न लाग्ने खर्च पनि आधा आधा नै ब्यहोर्ने भने पनि नेपालले लगानी नगर्ने अनि राष्ट्रघात मात्र भयो भन्ने गरियो भन्ने पो सुनियो त, कुरो के हो?

Karma Tsering Sherpa
@ktsherpa
पेट्रोल भाउ घटौने आन्दोलन गर्नु भन्द विजुली उत्पादन चाडै गर्न दवाफ दिउन, अनि ग्यासको चुल्होको सट्टामा ष्लमगअतष्यल र पेट्रोल र डिजेलको गाडीको सट्टामा बिजुली गाडी चलौने आन्दोलन गरौन। जय नेपाल ।

रोहित
@Rohitdkl98
कुनै बेलाका बिजुली क्षेत्रका भगवान मानिएका कुलमानलाई नेपालमा देश र जनताको लागी भनेर मरि मेट्नु भन्दा सके जति ठुलाबडालाई रिझाउने र चलेको चलनचल्तिमै रमाउनु पर्छ भन्ने 'दिब्य ज्ञान' प्राप्त भएछ क्या हो ! बिजुलीको पारा त पहिले पहिलेको भन्दा नि ध्वस्त पो छ त ।

https://twitter.com/BidhutSansar

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रदेश, प्रादेशिक कार्यालय, जनकपुर

दरभाउपत्र आह्वान सम्बन्धी सूचनाहरू

(सूचना प्रकाशित मिति : २०७९/०३/१२

१. **लालबन्दी वितरण केन्द्र** (Email: lalbandi@nea.org.np, फोन नं. ०४६-५०१७३३)

S.No.	Tender/SQ No.	Description of Works
1	NEA/LDC/2078/79/ ESQ-10 (Re)	LT Line Extention Works at Bagmati Na.Pa. ward no.-12, Bagmati Fish Pond (Bharat Tal), Sarlahi.
2	NEA/LDC/2078/79/ ESQ-11 (Re)	Repair & Maintenance of HT/LT Line and Conductor Upgrading Work at different places of Lalbandi Dcs.

For Details, Please visit : **http://www.bolpatra.gov.np.**
थप जानकारीका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहोला ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाण्डौ

फुकोट-बेतन ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारण लाईन सम्बन्धी सार्वजनिक सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१४

कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं. ११ मा प्रस्तावित फुकोट सवस्टेशन देखि सुर्खेत जिल्लाको चौकुने गाँउपालिका वडा नं.४ मा प्रस्तावित बेतन सवस्टेश सम्म २५०० मे.वा. क्षमताको ४०० के.भी. डवल सर्किट, करिब ५५ किलो मिटर लामो विद्युत प्रसारण लाईन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक कम्पनी श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले दरखास्त पेश गरेकोले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिल बमोजिमका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभागमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो ।
२. यस प्रसारण लाईनको भोल्टेज ४०० किलो भोल्ट, डबल सर्किट रहने र २५०० मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिने छ ।
३. यो प्रसारण लाईन कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका वडा नं. ११, रेङ्गील गाउँमा प्रस्तावित फुकोट सवस्टेशन देखि अछाम हुँदै सुर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा नं. ४ बाघमारा गाउँमा अवस्थित बेतन सवस्टेशन सम्म निर्माण गरिनेछ ।
४. यो प्रसारण लाईनको लम्बाई करिब ५५ कि.मी. हुनेछ जसमा करिब १९४ वटा Steel Tower हरु तथा ACSR 'Quard Moose' Conductor जडान गरिने छ । समुद्री सतहबाट टावरको अधिकतम उचाई १८४२.८४२ र न्युनतम उचाई ५३७.९९६ मी. तथा टावरहरु बिचको दुरी ४८.५३ - ९७५.८ मि. हुनेछ । आयोजना निर्माणको लागि कूल २५८.५५ हे. जमिन आवश्यकता पर्दछ, जस मध्ये AP टावर निर्माणको लागि १७.४६ हे., सब- स्टेशनको लागि १०.९७ हेक्टर, विद्युत मार्गको अधिकार क्षेत्रको लागि २२९.८२२ हे. र अस्थायी जग्गाको लागि ०.३ हे. जग्गा प्रयोग गरिनेछ ।
५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट कूल ४६ मी. (मध्य बिन्दूबाट २३/२३ मी. दायाँ बायाँ) कायम गरिने छ ।
६. यो प्रसारण लाईनको निर्माण कार्य मिति २०८३ मंसिर महिना भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ ।
७. यो प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायु प्रदुषण आदि द्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी निर्माण गरिने छ ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ ।

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड वि.पि.सि. बिल्डींग, रुद्रमार्ग, बुद्धनगर, काठमाण्डौ । फोन नं.: ०१-४२६६६९३/४६१०१०३ इमेल : info@rpgcl.com	श्री विद्युत विकास विभाग सानोगौचरण, काठमाण्डौ । पो.ब. नं. २५०७ फोन नं. ०१-४५३४११९ फ्याक्स नं. : ०१ -५२४४२५७ इमेल : info@doed.gov.np

---

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाण्डौ

बेतन देखि दोदोधारा सम्म ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारण लाईन सम्बन्धी सार्वजनिक सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१४

कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको चौकुने गाउँपालिकामा प्रस्तावित बेतन सवस्टेशन देखि सुदुर पश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिकामा प्रस्तावित दोदोधारा सवस्टेशन सम्म २६४७ मे.वा. क्षमताको ४०० के.भी. डवल सर्किट, करिब ३९ किलो मिटर लामो विद्युत प्रसारण लाईन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक कम्पनी श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले दरखास्त पेश गरेकोले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिल बमोजिमका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभागमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो ।
२. यस प्रसारण लाईनको भोल्टेज ४०० किलो भोल्ट, डबल सर्किट रहने र २६४७ मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिने छ ।
३. यो प्रसारण लाईन कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको चौकुने गाउँपालिका - ४, मा प्रस्तावित बेतन सवस्टेशन देखि सुदुर पश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिका -३ (साविक दोदोधारा गा.वि.स.) मा प्रस्तावित दोदोधारा सवस्टेशन सम्म निर्माण गरिने छ ।
४. यो प्रसारण लाईनको लम्बाई करिब ३९ कि.मी. हुनेछ जसमा करिब १२० वटा Steel Tower हरु तथा ACSR 'Quard Moose' Conductor जडान गरिने छ । समुद्री सतहबाट टावरको अधिकतम उचाई १४२७.५८ र न्युनतम उचाई १८६.२४ मी. तथा टावरहरु बिचको दुरी ६४.९५६ - १३४१.६१ मि. हुनेछ । आयोजना निर्माणको लागि कूल १६९.३३ हे. जमिन आवश्यकता पर्दछ, जस मध्ये AP टावर निर्माणको लागि १०.८ हे., विद्युत मार्गको अधिकार क्षेत्रको लागि १५८.२३ हे. र अस्थायी जग्गाको लागि ०.३ हे. जग्गा प्रयोग गरिनेछ ।
५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट कूल ४६ मी. (मध्य बिन्दूबाट २३/२३ मी. दायाँ बायाँ) कायम गरिने छ ।
६. यो प्रसारण लाईनको निर्माण कार्य मिति २०८३ कार्तिक महिना भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ ।
७. यो प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायु प्रदुषण आदि द्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी निर्माण गरिने छ ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ ।

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड वि.पि.सि. बिल्डींग, रुद्रमार्ग, बुद्धनगर, काठमाण्डौ । फोन नं.: ०१-४२६६६९३/४६१०१०३ इमेल : info@rpgcl.com	श्री विद्युत विकास विभाग सानोगौचरण, काठमाण्डौ । पो.ब. नं. २५०७ फोन नं. ०१-४५३४११९ फ्याक्स नं. : ०१ -५२४४२५७ इमेल : info@doed.gov.np

---

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाण्डौ

दोदोधारा देखि कर्मादेव सम्म ४०० के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारण लाइन सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०३/१४

सुदुर पश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिका - ३ (साविक दोदोधारा गा.वि.स.) मा बन्ने दोदोधारा सवस्टेशन देखि सोही जिल्लाको भजनी नगरपालिका -५ (साविक लालबोझ गा.वि.स.) को कर्मादेव गाउँ (नेपाल भारत सिमाना) सम्म २५०० मे.वा. क्षमताको ४०० के.भी. डवल सर्किट, करिब २७ किलो मिटर लामो विद्युत प्रसारण लाईन निर्माण गर्न विद्युत ऐन,२०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक कम्पनी श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले दरखास्त पेश गरेकोले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिल बमोजिमका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभागमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो ।
२. यस प्रसारण लाईनको भोल्टेज ४०० किलो भोल्ट, डबल सर्किट रहने र २५०० मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिने छ ।
३. यो प्रसारण लाईन सुदुर पश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको बर्दगोरिया गाँउपालिका-३ (साविक दोदोधारा गा.वि.स.) मा बन्ने दोदोधारा सवस्टेशन देखि सोही जिल्लाको भजनी नगरपालिका-५ (साविक लालबोझ गा.वि.स.) को कर्मादेव गाउँ (नेपाल भारत सिमा) सम्म निर्माण गरिने छ ।
४. यो प्रसारण लाईनको लम्बाई करिब २७ कि.मी. हुनेछ जसमा करिब ९० वटा Steel Tower हरु तथा ACSR 'Quard Moose' Conductor जडान गरिने छ । समुद्री सतहबाट टावरको अधिकतम उचाई १८५.१६७ र न्युनतम उचाई १४६.६१ मी. तथा टावरहरु बिचको दुरी १२९.२८५ - ४७९.३९८ मि. हुनेछ । आयोजना निर्माणको लागि कूल १५१.५५ हे. जमिन आवश्यकता पर्दछ, जस मध्ये AP टावर निर्माणको लागि ८.१० सवस्टेशनको लागि १५.०९ हे., विद्युत मार्गको अधिकार क्षेत्रको लागि १२८.०६ हे. र अस्थायी जग्गाको लागि ०.३ हे. जग्गा प्रयोग गरिनेछ ।
५. यो प्रसारण लाईनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट कूल ४६ मी. (मध्य बिन्दूबाट २३/२३ मी. दायाँ बायाँ) कायम गरिने छ ।
६. यो प्रसारण लाईनको निर्माण कार्य मिति २०८२ असोज महिना भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ ।
७. यो प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायु प्रदुषण आदि द्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी निर्माण गरिने छ ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ ।

श्री राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड वि.पि.सि. बिल्डींग, रुद्रमार्ग, बुद्धनगर, काठमाण्डौ । फोन नं.: ०१-४२६६६९३/४६१०१०३ इमेल : info@rpgcl.com	श्री विद्युत विकास विभाग सानोगौचरण, काठमाण्डौ । पो.ब. नं. २५०७ फोन नं. ०१-४५३४११९ फ्याक्स नं. : ०१ -५२४४२५७ इमेल : info@doed.gov.np

---

विद्युत् चुहावट...

क्रमश पृष्ठ ३ बाट....

चुहावट थियो ।
गण्डकी प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय पोखरा मातहतका १३ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी चुहावट म्याग्दी वितरण केन्द्रको छ । केन्द्रको चुहावट अघिल्लो वर्ष १८.६० प्रतिशत रहेकोमा यस वर्ष १५.८० प्रतिशतमा झरेको छ ।
लुम्बिनी प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय बुटवल मातहतका ११ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी चुहावट कपिलवस्तुको तौलिहवा वितरण केन्द्रको रहेको छ । गत वर्ष २२.४४ प्रतिशत रहेको चुहावट यस वर्ष बढेर २९.१३ प्रतिशत पुगेको छ ।
लुम्बिनी प्रदेशअन्तर्गत प्रदेश डिभिजन कार्यालय नेपालगञ्ज मातहतका १४ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी विद्युत् चुहावट प्यूठान वितरण केन्द्रको १८.३६ प्रतिशत रहेको छ । अघिल्लो वष त्यस केन्द्रको चुहावट १९.८९ प्रतिशत थियो । कर्णाली प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय सुर्खेत मातहतका ११ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी चुहावट रूकुम (पश्चिम) वितरण केन्द्रको रहेको छ । केन्द्रको चुहावट गत वर्ष २९.३१ प्रतिशत रहेकोमा यस वर्ष २२।४४ प्रतिशतमा झरेको छ ।
सुदूरपश्चिम प्रदेशअन्तर्गत प्रादेशिक कार्यालय अत्तरिया मातहत ११ वटा वितरण केन्द्रमध्ये सबैभन्दा बढी चुहावट अछाम वितरण केन्द्रको रहेको छ । गत वर्ष १७।७५ प्रतिशत रहेको केन्द्रको चुहावट यस वर्ष बढेर २२।४५ प्रतिशत पुगेको छ । -रासस

सार्वजनिक यातायातमा बिजुली गाडीको प्रयोग बढाउन सरोकारवालाहरूको आग्रह

विद्युत संसार संवाददाता

काठमाण्डौ असार । सरकारले बिजली गाडी भनेर निजी कार लक्षित नीति बनाउने तथा छुट दिने काम गरिरहेको भएपनि सार्वजनिक यातायातमा बिजुली गाडीको प्रयोग बढाउन नसकेको गुनासो गरेका छन् ।

नेपाल वातावरण पत्रकार समूहले गरेको

अन्तरक्रिया कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञ तथा सरोकारवालाले नेपालमा सार्वजनिक यातायातमा बिजुली गाडीलाई सरकारले महत्त्व दिन नसकेका प्रति आक्रोश भएका हुन् ।

सरकारले सन् २०२५ अर्थात् आउँदो तीन वर्षभित्र नेपालमा बिजुली गाडीको हिस्सा २५ प्रतिशत पुऱ्याउने भने पनि अहिलेको गतिले लक्ष्य हासिल नहुने सरोकारवालाहरूको भनाइ छ । शहरी यातायात विज्ञ प्रशान्त खनालले बस, ट्रक र पिकअप भ्यान जस्ता पेट्रोल र डिजलबाट चल्ने गाडीलाई बिजुली गाडीले विस्थापित गर्न सके मात्रै पेट्रोल-डिजलको आयात घट्ने, बिजुलीको प्रयोग बढ्ने र वायु प्रदूषण कम गर्न सकिने बताएका छन् । एक सय किलोमिटर बिजुलीबाट चल्ने रेल बनाउने, तीन वटा प्रदेशले सार्वजनिक स्वमा बिजुली गाडी चलाउने, बिजुलीका सामानको प्रयोग गर्ने लगायतका योजना कार्यान्वयन गर्नुको साटो सरकारले उल्टै पेट्रोलियम पाइप लाइनमा लगानी गरिरहेकाले शंका उत्पन्न भएको पनि उनको भनाई थियो ।

बस र ट्रकको हिस्सा धेरै रहेकाले यात्रु र सामान ओसारपसार गर्ने ठूला बिजुली गाडीको आयात र प्रयोग बढाउने नीति बनाउनुपर्ने यातायात विज्ञ खनालले बताए ।

कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव शंकरप्रसाद धामीले सरकारले बिजुली गाडीको प्रयोग बढाउन विभिन्न नीति ल्याएको र अब पेट्रोल/डिजल गाडीको कर र नवीकरण शुल्क थप गरेरै भए पनि बिजुली गाडीको प्रवर्द्धन गर्नेपर्ने बताए । उनले गाडी आयातकर्तालाई पनि चार्जिङ स्टेशन बनाउन लगाउने र पेट्रोल पम्पमा चार्जिङ स्टेशन बनाउन सकिनेबारे छलफल सुरू गर्नुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा वातावरणविद् भूषण तुलाधरले बिजुली कारलाई मात्रै नभइ बस र अरु साधनलाई पनि सरकारले उत्तिकै प्रोत्साहन गर्नुपर्ने तुलाधरको भनाई छ ।

नेपाल विद्युतीय सवारी परिवहन सङ्घका अध्यक्ष शंकरप्रसाद पोखेलले नेपालमा २५ वर्ष अघिदेखि सफा टेम्पोमार्फत सार्वजनिक यातायातमा बिजुली गाडीको प्रयोग भए पनि कसैले ध्यान नदिएको र अहिले कारलाई मात्रै बिजुली गाडीको स्वमा बुझ्ने गलत अभ्यास चलिरहेको बताए । पोखेलले सरकारले सार्वजनिक यातायातका स्वमा चल्ने बिजुली गाडीलाई पनि प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

आधारभुत प्राविधिक एंव कर सम्बन्धि दोस्रो चरणको कार्यक्रम सम्पन्न

काठमाडौं असार । काठमाडौं विद्युतीय व्यवसायी संघले आयोजना गरेको आधारभुत प्राविधिक एंव कर सम्बन्धि दोस्रो चरणको कार्यक्रम सम्पन्न भएको छ । संघले गोंगबु एरियाएको विद्युतीय व्यवसायी लक्षित गरि दोस्रो चरण अन्तर्रगतको कार्यक्रम यहि ११

गते शनिवार गोंगबु स्थित स्काई पार्टी प्यालेसमा सम्पन्न भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल विद्युतीय व्यवसायी महासंघका अध्यक्ष सुर्दशन प्रसाद पौड्यालले कार्यक्रमको समुद्घाटन गर्दै विद्युतीय सामान खरिद गर्दा बिल नभएको सामान खरिद नगर्न व्यवसायीहरूलाई अनुरोध गरे ।

अध्यक्ष पौड्यालले महासंघको भवन निर्माणको क्रममा रहेकाले आफ्नै भवन सम्फिएर सहयोग गर्न अपिल गरे । उनले विद्युतीय व्यवसायीहरूको सबैभन्दा ठुलो मेला इलेक्ट्रो टेक मेला आयोजना गर्ने योजना रहेको जानकारी दिए ।

तालिम कार्यक्रममा इन्जिनियर राकेश श्रेष्ठले विद्युत सुरक्षा, प्रयोग र महत्व माथि प्रकाश पारेका थिए भने कर तथा लेखा व्यवस्थापन सम्बन्धि सिए यज्ञराज घिमिरेले प्रशिक्षण दिएका थिए ।

तालिम तथा गोष्ठी आयोजक समिति रेवती रमण पौडेल (आत्माराम) कार्यक्रम सञ्चालन संघका सचिव मिलन सिवाकोटीले गरेका थिए ।

कार्यक्रमको मूख्य प्रायोजक लुम्बिनी विद्युत उद्योगको लिटमस केबल थिए भने अन्य प्रायोजकहरूमा क्रमशः बबिता ट्रेर्डस, श्री रिद्धीसिद्धी इलेक्ट्रिक र एबीसी इन्फिनीटी प्रालिले सहभागिता जनाएको थियो ।

पहिलो चरणमा चावहिल देखि जोरपाटी क्षेत्रका संघमा आवद्ध व्यवसायीहरूलाई लक्षित गत असार ४ गते शनिबार सूर्य क्याटरिङ्ग, धुम्बाराही काठमाडौंमा सम्पन्न भएको थियो । तेस्रो चरणको कार्यक्रम आगामी श्निबार तीनकुनेको सिदार्थ कटेज रेष्टुरेन्ट हुने संघले जनाएको छ ।

गर्मी र बर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं।
- पाकेको खाना मात्र खाऔं।
- झिङ्गा र भुसुना भन्किन नदिऔं। खानेकुरा छोपेर राखौं।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हाम्रो स्वाभिमान, कृषि कर्मको सम्मान

धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं

राष्ट्रिय धान दिवस (असार १५) भव्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: अभि मिडिया प्रोडक्सन प्रा. लि, **प्रधान सम्पादक**: रामप्रसाद पौडेल, **सम्पादक**: भीमलाल श्रेष्ठ, **व्यवस्थापक**: मनोहर श्रेष्ठ, **डिजाइन**: शिखर श्रेष्ठ, **मुद्रण** : हाईडल प्रेस प्रा.लि.काठमाण्डौ
कार्यालय: सुन्धारा-११ चाइनाटाउन, काठमाडौं/**फोन** : ०१-४२४४८१४, **इमेल:** abhimedia111@gmail.com/bidhutsansar@gmail.com/**वेभ**: www.bidhutsansar.com